## थबाङ गाउँपालिका

# आर्थिक विधेयक, २०८०

## थबाङ गाउँपालिका

## थबाङ, रोल्पा

गाउँसभामा पेश मितिः २०८०।०३।१०

गाउँसभाबाट पारित मितिः २०८०।०३।२३

***थबाङ गाउँपालिकाको आथिक विधेयक २०८०***

## थबाङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** थबाङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थबाङ गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक विधेयक,२०८०" रहेको छ।

(२)यो ऐन २०८० साल श्रावण १ गतेदेखि थबाङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिकाक्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **मनोरन्जन करः** गाउँपालिकाक्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सेवा शुल्क तथासिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **जडिबुटी, बवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसूच (१०) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

१२. **बहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गामा अनुसूचि (११) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. प**र्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लिखित र असूल उपर गरिनेछ।

**१४. फोहरमैला व्यवस्थापन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गर्ने अनुसूची (१३) मा उल्लिखित दरमा फोहरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१५. कर छुटः** १)यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

तर,

घोइते, अपाङ्गता भएका व्यक्ति, अति विपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको रकम छुट दिइनेछ।

२) विगतमा तिर्न बुझाउन बाँकी कर तथा शुल्क असोज मसान्तभित्र एकमुष्ट बुझाउन आउने करदातालाई २५% कर छुट दिइनेछ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

## अनुसूची १

(दफा २ सँग सम्बन्धित)

**सम्पत्ति कर**

यस गाउँपालिकाबाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १४४ को उपनियम १ बमोजिमको अनुसूची १२ अनुसार एकिकृत सम्पत्ति कर सम्बन्धमा एकिकृत सम्पत्तिकर व्यवस्थापन निर्देशिका २६१ दोस्रो संशोधन बमोजिम निर्धारण गरिएको न्यूनतम दरमा नघट्ने गरी स्वयंम कर निर्धारणको आधारमा मूल्याङ्कन गरी साविक बमोजिम एकिकृत सम्पत्तिकर लिने।

| क्र सं | विवरण | विस्तृत विवरण | दर रु प्रति वर्ष |
|---|---|---|---|
| १ | पक्की घर | आर सि सि ढलान | २० प्रति तला |
| २ | पक्की घर | माटो र ढुङ्गाले बनेको तर पलास्टर गरेको | १५ प्रति तला |
| ३ | कच्ची घर | माटो र ढुङ्गाले बनेको स्टेल ढुङ्गाले छाएको | १० |
| ४ | कच्ची घर | माटो र ढुङ्गाले बनेको जस्तापाताले छाएको | १० |
| ५ | कच्ची घर | माटो र ढुङ्गाले छाएको खर वा काठको छाना भएको | ५ |

एकिकृत सम्पत्ति कर लागु भएमा सोही बमोजिम लागु हुने।

## अनुसूची २

**(दफा ३ संग सम्बन्धित)**

**भूमि कर (मालपोत)**

अर्को कानून नबनेसम्म मालपोत स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को अनूसुची ८ वमोजिम असूल गर्ने।

## अनुसूची ३

**(दफा ४ संग सम्बन्धित)**

**घरवहाल कर**

आफनो क्षेत्र भित्रको ३र, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको ज्ञ प्रतिशत ३र वहालकर लिने ।

| क्र सं | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | बहाल कर | कोठा वा घरभाडाको | १० प्रतिशत |
| घरु बहाल करका लागि विभिन्न घर ग्यारेज घुम्तीको प्रति कोठाको न्यूनतम भाडा दर रुपैयामा | | | |

| देहाय बमोजिम हुनेछ । | | | |
|---|---|---|---|
| क | क श्रेणीका मुख्य बजार क्षेत्र थबाङ ठूलोगाउँ | आवास | १००० |
| | | पसल व्यवसाय | १५०० |
| | | ठूलो घुम्ती ढेपली | १२०० |
| | | सानो घुम्ती ढेपली एक सटर वा सो भन्दा सानो आकार | १००० |
| ख | ख श्रेणीका मुख्य बजार क्षेत्र मिरुल टुटु उवा ठूलोगाउँ र अन्य स्थान | आवास | ६०० |
| | | पसल व्यवसाय | १००० |
| | | ठूलो घुम्ती ढेपली | १००० |
| | | सानो घुम्ती ढेपली एक सटर वा सो भन्दा सानो आकार | ५००० |
| ग | अन्य | ग्यारेज | १००० |
| | | घुम्ती ढेपली | २०० |

## अनुसूची ४

(दफा ५ सँग सम्बन्धित)

**व्यवसाय कर**

व्यवसाय कर निम्न अनुसार लिइनेछ ।

| सि नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | **क रु** | **ख रु** | **ग रु** |
| १ | होटेल लज रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई क<br>लज मात्र भएको लजलाई ख<br>साधारण खाना, नास्ता, लज भएकोलाई ख<br>रेष्टुरेन्ट मात्र भएकोलाई ग<br>१० कोठा भन्दा माथि ए सी भएको होटेल रेष्टुरेन्टको रु ५००० | ३००० | २००० | १००० |
| २ | मासु पसल<br>• रांगाको समेत सबै प्रकारका मासु मात्र बेच्नेलाई क<br>• खसी र कुखूरा बेच्नेलाई क<br>• रांगा बाहेक खसी बोका सहितको मासु बेच्नेलाई ख<br>• रांगा खसी बोका बाहेकको मासू मात्र बेच्नेलाई ग | ३००० | २५०० | १५०० |
| ३ | मदिरा पसल | ३००० | २००० | |

| | | | | |
|---|---|---|---|---|
| | • इजाजत प्राप्त थोक मदिरा पसललाई क<br>• इजाजत प्राप्त खुद्रा मदिरा पसललाई ख | | | |
| ४ | कोल्ड ड्रिंक्स पसल | १५०० | | |
| ५ | सून चाँदी गहना पसल<br>• आफ्नै सूच चाँदी लिई बनाउने र बेच्नेलाःई क<br>• अरुको सूनचाँदी लिई बनाउने ख | ५००० | ३००० | |
| ६ | रेडियो मोबाइल विक्री तथा मर्मत | २००० | | |
| ७ | संचार सेवा | १००० | | |
| ८ | घडि विक्री तथा मर्मत | २००० | | |
| ९ | केवल टि भि सेवा | १५०० | | |
| १० | फोटो स्टुडियो<br>• कलर ल्याबलाई क<br>• फोटो स्टुडियोलाई ख | १००० | १००० | |
| ११ | हेयर कटिङ | ५०० | | |
| १२ | टेलरिङ | १००० | २०० | |
| १३ | जुत्ता पसल<br>• जुत्ता सिलाई र बेच्नेलाई क<br>• जुत्ता मर्मत मात्र गर्नेलाई ख | २००० | ५०० | |
| १४ | मोटर वर्कशप<br>• गाडीको वडी बनाउने तथा मर्मत गर्ने क<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने क<br>• मोटरसाइकल मात्र मर्मत गर्नेलाई ख<br>• सम्पूर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई क<br>• सम्पूर्ण सवारी साधन मर्मत गर्नेलाई ख<br>• गाडीहरु मर्मत र पार्टस बेच्नेलाई ख<br>• गाडी मर्मत मात्र गर्नेलाई ग<br>• मोटरसाइकल मर्मत र पार्टस बेच्नेलाई ख<br>• मोटरसाइकल मर्मत मात्र गर्नेलाई ग | ३००० | २००० | १५०० |
| १५ | छापाखाना<br>• अफसेट प्रेसलाई क<br>• साधारण प्रेसलाई ख | ३००० | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| १६ | स्वास्थ्य सेवा<br>● अस्पताललाई क<br>● पोली क्लिनिकलाई ख<br>● थोक मेडिकललाई ख<br>● मेडिकल्लाई ग | १०००० | १०००० | ५००० |
| १७ | मेटल वर्कशप | २००० | | |
| १८ | काष्ठ उद्योग<br>● काठ चिरानी मेशिन सहित काठहरुको विभिन्न फर्निचर र अरु काठहरुको झ्यालढोका आदी बनाउनेलाई क<br>● कुनै एक मात्र बनाउनेलाई ख | २५०० | १५०० | |
| १९ | इट्टा भट्टा र इट्टा डिपो<br>● इट्टा भट्टालाई क<br>● इट्टा डिपोलाई ख | २५०० | १००० | |
| २० | कम्प्युटर इन्स्टिच्युट | १००० | | |
| २१ | दाउरा डिपो | १५०० | | |
| २२ | पान पसल | १००० | | |
| २३ | बेकरी उद्योग र बेकरी पसल<br>● उद्योगलाई क<br>● पसललाई ख | १५०० | १००० | |
| २४ | तरकारी र फलफूल पसल | ५०० | | |
| २५ | चिया पसल | ५०० | | |
| २६ | मिलहरु<br>● १० हर्ज वापर भन्दा माथिको क्षमताको मिललाई क<br>● सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई ख | १००० | ६०० | |
| २७ | डिलर | २५०० | | |
| २८ | साइकल भाडा तथा मर्मत | १५०० | | |
| २९ | ठेकेदार<br>● नेपाल सरकारको इजाजत प्राप्त क वर्गको ठेकेदारलाई क<br>● नेपाल सरकारको इजाजत प्राप्त ख वर्गको ठेकेदारलाई ख<br>● नेपाल सरकारको इजाजत प्राप्त ग वर्गको ठेकेदारलाई ग<br>● नेपाल सरकारको इजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रु ५००० | १०००० | ८००० | ६००० |
| ३० | कपडा पसल | ३००० | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | किराना पसल<br>● थोक सहितको किराना पसललाई क<br>● पचास हजार भन्दा बढी लगानी भएको किराना पसललाई ख<br>● सो भन्दा कम लगानी भएको किराना पसललाई ग | १५०० | १००० | ५०० |
| ३२ | खाद्य पसल<br>● थोक सहितको खाद्य पसललाई क<br>● खुद्रा मात्रको खाद्य पसललाई ख | १००० | ५०० | |
| ३३ | भाडा पसल<br>● धातु तथा पलाष्टिकका भाँडा तथा सामान बेच्नेलाई क<br>● रोल्पा जिल्लामा उत्पादन भएको माटोको भाँडा बाहेक अन्यत्रबाट ल्याएर बिक्री गर्ने माटोको भाँडा तथा सामान बेच्नेलाई ख | १००० | ५०० | |
| ३४ | चूरा धागो तथा श्रृङ्गार सामान पसल<br>● थोक सहितको पसललाई क<br>● पचास हजार भन्दा बढी लगानी भएको पसललाई ख<br>● सो भन्दा कम लगानी गर्ने पसललाई ग | ८०० | ५०० | ३०० |
| ३५ | कुखूरा पालन<br>● एक हजार भन्दा बढी कुखूरा पाल्नेलाई क<br>● एक हजार भन्दा कम कुखूरा पाल्नेलाई ख | २००० | १००० | |
| ३६ | तयारी पोशाक पसल | १००० | | |
| ३७ | तयारी जुत्ता पसल | १००० | | |
| ३८ | दन्त क्लिनिक | २००० | | |
| ३९ | हार्डवेयर पसल | ५००० | | |
| ४० | इलेक्ट्रिक पसल | ३००० | | |
| ४१ | कानूनी फर्म तथा लेखापढी व्यवसाय | १००० | | |
| ४२ | साइन बोर्ड पेन्टिङ्ग | १००० | | |
| ४३ | फर्निचर एण्ड फर्निसिंग पसल | २००० | | |
| ४४ | स्टेशनरी पसल<br>● खेलकुदका सामग्री सहित भएकोलाई क<br>● स्टेशनरी मात्र भएकोलाई ख | १५०० | १००० | |
| ४५ | जडीबुटी खरिद बिक्री पसल | २५०० | | |
| ४६ | लेखा परिक्षक | १००० | | |
| ४७ | टेलिभिजन पसल | १००० | | |

| | | | | |
|---|---|---|---|---|
| ४८ | अन्य उद्योग<br>● २० लाख भन्दा बढी लगानी भएकोलाई क<br>● एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई ख<br>● एक लाख पचास हजार भन्दा कम लगानी भएकोलाई ग | ५००० | ३००० | १५०० |
| ४९ | विज्ञापन सेवा वा एजेन्ट | १५०० | | |
| ५० | पशु बधशाला | १५०० | | |
| ५१ | अन्तराष्ट्रिय गैरसरकारी संस्था शाखा कार्यालय समेत | ५००० | | |
| ५२ | वित्तिय सेवा<br>● नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आथिक कारोबार गर्ने वार्णिज्य बैँक क<br>● वित्तीय संस्थाको शाखा कार्यालय ख<br>● ऋण तथा बचत सहकारी संस्था ग | १२००० | ६००० | ३००० |
| ५३ | नीजि स्कुल | ६००० | | |
| ५४ | सिनेमा हल<br>● सिनेमा हललाई क<br>● भिडियो हललाई ख | १२००० | ५००० | |
| ५५ | चश्मा पसल | १००० | | |
| ५६ | सिलाई मेशिन बिक्री तथा मर्मत गर्ने पसल | ३००० | | |
| ५७ | रेफ्रिजेरेटरु मर्मत | १५०० | | |
| ५८ | दुग्ध डिपो पसल | १००० | | |
| ५९ | व्यूटि पार्लर | १००० | | |
| ६० | सप्लायर्स{ | २००० | | |
| ६१ | टेलिफोन टावर राखि संचार सेवा उपलब्ध गराउने संस्थालाई | ८००० | | |
| ६२ | जग्गा विकास हाउजिङ | १०००० | | |
| ६३ | म्यान पावर सेवा | २००० | | |
| ६४ | क्याटेरिङ्ग सेवा | २००० | | |
| ६५ | वित्तीय कारोबार बाहेक अन्य कारोबार गर्ने सहकारी संस्था | ६००० | | |
| ६६ | मार्वल टायल पसल | १२००० | | |
| ६७ | सवारी साधनको शो रुम | १५०० | १००० | ८००० |

| | | | | |
|---|---|---|---|---|
| | • गाडीको शोरुम क<br>• मोटरसाइकलको शोरुम ख<br>• टैक्टर तथा अन्य मेशिनरी शोरुप ग | ० | ० | |
| ६८ | माथि उल्लेख भएको बाहेक अन्य व्यवसाय, सेवा, आदिहरुमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को अनुसूची १० को दफा १९ मा तोकिएको हक भित्र रहेर कर असूली गर्ने | | | |
| ६९ | कृषि सामग्रीको पसल भेटनरी सम्बन्धी पसल | १५०० | | |
| ७० | आइसक्रिम पसल | ५०० | | |
| ७१ | दाना उद्योग | १००० | | |
| ७२ | तारजाली बनाउने उद्योग | १५०० | | |
| ७३ | कृषि व्यवसाय बंगुर माछा गाइ पालन | १२०० | | |
| ७४ | नीजि कलेज | १०००<br>० | | |
| ७५ | ब्लक उद्योग | २००० | | |
| ७६ | मिनरल बाटर उद्योग | २५०० | | |
| ७७ | पानी ट्याङ्कर | २००० | | |
| ७८ | ग्यास डिपो | २००० | | |
| ७० | कोल्ड स्टोर | १५०० | | |
| ८० | ढुङ्गा सम्बन्धी उद्योग | २५०० | | |

नोटः

१. यसमा डिलर, एजेन्ट, डिपो, सब डिलर आदी बाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धैरै आइटम राखि पसल वा व्यवसाय गरेको छ भने सबै आइटम मध्ये कुनै एकको मात्र कर लिइनेछ तर यसमा सबै आइटम मध्ये जुन आइटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ।

२.

## अनुसूची ५

दफा ६ सँग सम्बन्धीत

## सवारी साधन कर

क) वार्षिक सवारी साधन कर निम्म अनुसार लिने।

| क्र.सं | विवरण | दर |
|---|---|---|
| १ | ठेला गाडा | २०० |
| २ | इ रिक्सा अटो रिक्सा | ५०० |

| | | |
|---|---|---|
| ३ | घोडा खच्चड | २०० |
| ४ | अन्य सवारी | ३०० |

ख) पटके सवारीकर निम्न अनुसार लिने ।

ख.१. यस गाउँपालिकामा प्रवेशका लागि बाटो निर्माण तथा संभार गर्नका लागि स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १४३ अनुसूची ११ को प्रकरण २ बमोजिम गाउँपालिका आफैले बनाएको सडकको पटके सवारी कर लगाउन सक्ने व्यवस्था समेत भएकोले चालु आव २०८०।०८१ देखि देहाय अनुसार पटके सवारी कर लिन ।

ख.१.१. बस, ट्रक, ट्रेक्टर आदीमा रु २५।००

ख.१.२. अन्य सवारीमा रु १५।००

ख.१.३. यस गाउँपालिकामा सवारी वार्षिक कर तिरेको सवारीमा र मोटरसाइकल जस्ता सवारीमा र सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिइने छैन ।

## अनुसूची ६

(दफा ७ सँग सम्बन्धित)

## विज्ञापन कर

ठेक्का प्रकृयाद्वारा विज्ञापनकर उठाउनको लागि देहाय अनुसार दररेट निर्धारण गरी विज्ञापन कर लिन ।

क) सववोर्ड प्रति वर्ग फिट रु १५।००

ख) होडिंगवोर्ड प्रति वर्ग फिट रु २५।००

ग) भित्तेलेखन सटर पेन्टिगं प्रति वर्ग फिट रु ४०।००

घ) व्यानर प्रति हप्ता रु ५०।००

ङ) पोलबोर्ड प्रति गोटा प्रति वर्ष रु १५००।००

च) डिजिटल वोर्ड प्रति वर्ग फिट रु ५०।००

## अनुसूची ७

(दफा ८ सँग सम्बन्धीत)

## मनोरञ्जन कर

मनोरन्जनको कार्यक्रम संचालन गर्ने संचालकसँग गाउँपालिका र संचालक बीच आपसी समझदारीमा मनोरन्जन कर शुल्क लिने ।

| क्र सं | विवरण | विस्तृत विवरण | दर रु प्रति दिन |
|---|---|---|---|
| १ | मेला महोत्सव | प्रति दिन | १००० |
| २ | खेलकुद लगायत अन्य | प्रति कार्यक्रम | १००० |

| | | | |
|---|---|---|---|
| | मनोरञ्जनात्मक कार्यक्रम | | |
| ३ | क्यारेम बोर्ड | प्रति बोर्ड | १२०० |

## अनुसूची ८

(दफा ९ सँग सम्बन्धित)

## पार्किङ शुल्क

पार्किङ शुल्क निम्न बमोजिम लिइनेछ।

क) गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकमा रु १०।०० पार्किङ्ग शुल्क लिइनेछ।

ख) कुनै पनि सवारी साधनले निजी स्वामित्वमा रहेको स्थानमा पार्किङ गरेको अवस्थाबाहेक गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदी स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ गरेमा प्रत्येक पटकमा रु ५।०० पार्किङ शुल्क लिइनेछ। यस्तो शुल्क प्रत्येक २४ घण्टामा थप लाग्दै लाने छ।

## अनुसूची ९

(दफा १० सँग सम्बन्धीत)

## सेवा शुल्क तथा सिफारिस दस्तुर

गाउँपालिकाबाट उपलब्ध गराउने सिफारिसहरुको निम्न बमोजिम निवेदन, फारम दस्तुर र सिफारिस दस्तुर लिने।

| सि नं | विवरण | दस्तुर रु |
|---|---|---|
| १ | नाता प्रमाणित | २०० |
| २ | धारा विजुली | १०० |
| ३ | नाम थर आदी सच्याउने | १०० |
| ४ | जग्गा मोही नामसारी जग्गा दर्ता गुठी रैकर आदी | १०० |
| ५ | जग्गा खरिद बिक्रीमा घर, बाटो प्रमाणित | १०० |
| ६ | कालोपत्रे मोटरबाटो भएको छ भनि गरिने सिफारिस | २०० |
| ७ | अन्य मोटरबाटो भएको छ भनि गरिने सिफारिस | १०० |
| ८ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसाबले | वार्षिक हुन आउने रकमको ०।१ |

| | | |
|---|---|---|
| | | प्रतिशलका दरले] |
| ९ | रुख काटनको लागि सिफारिस दिंदा प्रति | १००० |

नोटः १. योजनाहरु, छात्रवृत्ति, आर्थिक सहायता, निशुल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र ज्येष्ठ नागरिक भत्ता प्राप्तको लागि गरिने मन्जुरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छूट दिइने।

२। यस गाउँपालिकाबाट गरिने सम्पत्ती मुल्याङ्कन र आयश्रोत प्रमाणित सिफारिस बाहेक अन्य सिफारिसमा अंग्रेजीबाट सिफारिस दिंदा तोकिएको सिफारिस दस्तुरमा थप सत प्रतिशत दस्तुर लिने।

३। यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐनसँग नबाँझिने गरी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

| **क्र.सं.** | **विवरण** | **कर दस्तुर शुल्क रु** | **कैफियत** |
|---|---|---|---|
| १ | मालपोत | | |
| | क) अब्बल प्रतिरोपनी | रु ३० | |
| | ख) सिम प्रतिरोपनी | रु २५ | |
| | ग) दोयम प्रतिरोपनी | रु २० | |
| | घ) चाहर प्रतिरोपनी | रु १५ | |
| २ | पक्की घर प्रति वर्गफिट | १ | |
| ३ | मठ मन्दिर पाटी पौवा दैवी प्रकोप असहाय बिरामी अपागंता | नि शुल्क | |
| ४ | बकस पत्र | १५०० | |
| ५ | शेष पछिको बकस पत्र | १००० | |
| ६ | अशं बण्दा | १०० | |
| ७ | नाता प्रमाणित नेपालीमा | २०० | |
| ८ | नाता प्रमाणित अंग्रेजीमा | ३०० | |
| ९ | पक्की बाटोले छोएको ४ किल्ला प्रमाणीत | १५० | |
| १० | कच्ची बाटोले छोएको ४ किल्ला प्रमाणीत | ५० | |
| ११ | बाटोले नछोएको ४ किल्ला प्रमाणित | ५० | |
| १२ | कच्ची घर कायम | २५० | |
| १३ | पक्की घर कायम | १००० | |
| १४ | स्थायी बसोबास | ७५० | |
| १५ | अस्थायी बसोबास | ५०० | |

| | | | |
|---|---|---|---|
| १६ | मिलापत्र दुवैतक्षबाट | ५००/५०० | |
| १७ | टेलिफोन सिफारिस | ५०० | |
| १८ | संघ संस्था दर्ता सिफारिस | १००० | |
| १९ | काठ कटान प्रतिरुख | १५०० | |
| २० | अन्य काठ | ७५० | |
| २१ | नागरिकता सिफारिस | १०० | |
| २२ | नागरिकता प्रतिलिपि सिफारिस | १५० | |
| २३ | छुट जग्गा प्रमाणित सिफारिस | २०० | |
| २४ | व्यवसायको लगत कट्टा सिफारिस | २०० | |
| २५ | मोठ श्रेस्ता सिफारिस | ३०० | |
| २६ | उद्योग नामसारी तथा ठाउँसारी सिफारिस | ५०० | |
| २७ | व्यवसाय नामसारी तथा ठाउँसारी सिफारिस | ५०० | |
| २८ | पेन्सन नामसारी स्वदेश | ५०० | |
| २९ | पेन्सन नामसारी विदेश | १००० | |
| ३० | घर जग्गा नामसारी सिफारिस बजार क्षेत्र | ८०० | |
| ३१ | घर जग्गा नामसारी सिफारिस ग्रामिण क्षेत्र | ५०० | |
| ३२ | निजी आधारभुत शिक्षा सिफारिस | १००० | |
| ३३ | निजी मा वि सिफारिस | १५०० | |
| ३४ | निजी क्याम्पस स्तर सिफारिस | २००० | |
| ३५ | सामुदायिक आधारभुत शिक्षा सिफारिस | ८०० | |
| ३६ | सामुदायिक मा वि सिफारिस | १५०० | |
| ३७ | सामुदायिक क्याम्पस स्तर सिफारिस | २००० | |
| ३८ | विद्युत सिफारिस उद्योग | १००० | |
| ३९ | विद्युत सिफारिस पक्की घर | ५०० | |
| ४० | विद्युत सिफारिस अन्य घर | ३०० | |
| ४१ | घर जग्गा सम्पत्ति मुल्याङ्कन प्रति हजार | कुल आयमा ०.१ प्रतिशत | |
| ४२ | विद्युत अनुमति ५ हर्ज पावर सम्मको | १००० | |
| ४३ | विद्युत अनुमति १० हर्ज पावर सम्मको | १५०० | |
| ४४ | विद्युत अनुमति १५ हर्ज पावर सम्मको | २००० | |

| | | | |
|---|---|---|---|
| ४५ | व्यवसाय दर्ता | ५०० | |
| ४६ | व्यवसाय नविकरण | २५० | |
| ४७ | कृषि पशु लगायत अन्य फर्म दर्ता | ३०० | |
| ४८ | कृषि पशु लगायत अन्य फर्म नविकरण | २०० | |
| ४९ | टोल विका संस्था दर्ता/नविकरण | ५००/२५० | |
| ५० | उद्योग दर्ता सिफारिस | १००० | |
| ५१ | गाँउपालिका भन्दा बाहिर ढुङ्गा निकासी प्रति टिप | १००० | |
| ५२ | न्यायिक समिति दस्तुर | २०० | निवेदन पेश गर्दा |
| | | २०० | प्रति उत्तर पत्र पेश गर्दा |
| | | ५०० | मेलमिलाप दस्तुर |
| | | ५ | नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको |
| | | ५ | न्यायिकि समितिको प्रति पृष्ठ |
| | | ५ | लिखित कागजातको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको |
| ५३ | शैक्षिक सुधार अतिरिक्त शूल्क १ प्रतिशत | पूजीँगत योजनाहरुको कुल लागतमा | |
| ५४ | शिक्षा सम्बन्धी | २०० | कक्षा ८ को मार्केसिट प्रतिलिपि |
| | | २००० | शिक्षक सरुवा सहमति/अनुमति(मा वि) |
| | | १५०० | शिक्षक सरुवा सहमति/अनुमति(आ वि) |
| ५५ | सूचिकृत | ५००० | निर्माण व्यवसायी |
| | | १००० | अन्य व्यवसायी |
| | | १०० | गाउँपालिका भित्रका व्यवसायी |

| | | | |
|---|---|---|---|
| **नेपाली भाषामा प्रमाणित सिफारिस** | | | |
| ५६ | जन्म मिति प्रमाणित | २०० | |
| ५७ | विवाहित तथा अविवाहित प्रमाणित | २०० | |
| ५८ | ठेगाना नामथर तथा चालचलन प्रमाणित | २०० | |
| ५९ | जातजाति सिफारिस | १५० | |
| ६० | अन्य सिफारिस | २०० | |
| ६१ | पञ्जिकरण दस्तुर | २०० | |
| **अंग्रेजी भाषामा प्रमाणित सिफारिस** | | | |
| ६२ | जन्म मिति प्रमाणित | ४०० | |
| ६३ | विवाहित तथा अविवाहित प्रमाणित | ४०० | |
| ६४ | ठेगाना नामथर तथा चालचलन प्रमाणित | ४०० | |
| ६५ | फोहोर व्यवस्थापन शुल्क मासिक | १२०० | |
| ६६ | प्रत्येक सटर | १३ प्रतिशत | |
| ६७ | प्रत्येक कोठा | १३ प्रतिशत | |
| ६८ | तरकारी पसल | १०० | |
| ६९ | मोटरबाटोमा पर्ने प्रत्येक घर | १०० | |
| **अन्य कर** | | | |
| ७० | ढूंगा गिट्टी बालुवा प्रति क्युफिट | ५ | |
| ७१ | हल भाडा दस्तुर | १००० | |
| ७२ | मेशिनरी सामग्री दस्तुर | ५०० | |

## अनुसूची १०

(दफा ११ सँग सम्बन्धीत)

## जडिबुटी, कवाडी र जिवजन्तु कर

| **निकासी पुर्जी दस्तुर** | | | |
|---|---|---|---|
| **क्र.सं** | **विवरण** | **दर** | **कैफियत** |
| १ | भाङ्गो प्रति केजी | ५ | |
| २ | सिमि प्रति केजी | ३ | |
| ३ | अल्लो प्रति केजी | ३ | |
| ४ | आलु प्रति कुइन्टल | १०० | |
| ५ | हेम धागो | २ | |
| ६ | कवाडी फलाम वस्तु | ३ | |
| ७ | कवाडी तामा जन्य वस्तु | ५ | |

| | | | |
|---|---|---|---|
| ८ | खसी/बोका प्रति गोटा | ५० | |
| ९ | भेडा/भेडी प्रति गोटा | ५० | |
| १० | भेडाको ऊन प्रति केजी | १० | |
| ११ | भैसी/रागो प्रति गोटा | २०० | |
| १२ | भैसी/रागो १ देखि २ वर्ष प्रति गोटा | १०० | |
| १३ | गाई गोरू प्रति गोटा | १०० | |
| १४ | कुखुरा हाँस चल्ला | १० | |
| १५ | जडिबुटी निकासीका लागि सम्बन्धित निकायमा सिफारिस दस्तुर | ५% | पाँचऔले, सतुवा, वन आलु लगायतका जडिबुटीहरु |

## अनुसूची ११

**(दफा १२ सँग सम्बन्धीत)**

**बहाल बिटौरी कर**

| क्र सं | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | टहरा नबनाई सार्वजनिक जग्गा बहाल | वार्षिक प्रति वर्ग मिटर | २५ |
| २ | टहरा बनाई सार्वजनिक जग्गा बहाल | वार्षिक प्रति वर्ग मिटर | १०० |
| ३ | सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी वा अन्य वस्तु थुपारे वापत | प्रति दिन प्रति १०० वर्ग मिटर | ५ |
| ४ | निर्माण रेखदेख मर्मत संभार खर्च | अनुसूची ३ को घर बहाल करमा तोकिएको न्यूनतम भाडा दर बमोजिम | |

## अनुसूची १२

**(दफा १३ सँग सम्बन्धीत)**

**पर्यटन शुल्क**

| क्र सं | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | दृष्यावलोकन | स्वदेशी | ५० |
| | | विदेशी | १०० |
| २ | अध्ययन | स्वदेशी | ५० |
| | | विदेशी | १०० |
| ३ | पार्क संग्राहलयको अवलोकन शुल्क | स्वदेशी | २० |
| | | विदेशी | ५० |

अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न परिवार, द्वन्द पिडित व्यक्तिहरुलाई प्रमाणका आधारमा निशुल्क हुनेछ ।

## अनुसूची १३

**(दफा १४ सँग सम्बन्धीत)**

**फोहरमैला व्यवस्थापन**

| क्र सं | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| १ | होटल व्यवसाय | वार्षिक | ५०० |
| २ | पसल | वार्षिक | २०० |
| ३ | घर | वार्षिक | १०० |

तोकिएको स्थानबाहेक जथाभावी फोहर फालेमा कानून बमोजिम थप जरिवाना गर्ने ।